# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वडाचौर, रोल्पा

पत्र संख्याः २०८१।०८२
चलानी नम्बरः ४८३

लुम्बिनी प्रदेश, नेपाल

मिति-२०८१/०८/१४

**बिषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री जो जससँग सम्बन्धित छ।

प्रस्तुत बिषयमा रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिका अन्तर्गत श्री सामाजिक मा.वि.,धाराखर्कमा रिक्त रहेको प्रा.वि.तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.२८,मिति २०८१/०८/१४ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निबेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१.तोकिएको म्याद भित्र विद्यालयमा स्वयम् उपस्थित भई वा विद्यालयको इमेल ठेगाना samaajiksecondaryschoollungrir@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ,रोल्पा।

श्री सामाजिक माध्यमिक विद्यालय,लुङग्री-३,धाराखर्क,रोल्पा।

(भेष बहादुर बिष्ट)
शिक्षा शाखा प्रमुख

(चक्र बहादुर घर्ती)
प्रमुख प्रशासकीय अधिकृत